# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।१६ गते ।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला जुम्ला, तातोपानी गाउँपालिका वडा नं. १ राँका स्थित गणेश माध्यमिक विद्यालयका प्रधानाध्यापकसमेतले छात्रवृत्ति वापतको रकम विगत ५ वर्षदेखि वितरण नगरेको र दिवाखाजा वापतको रकम हिनामिना गरेकोले छानविन गरी पाउँ भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गणेश माध्यमिक विद्यालयलाई आर्थिक वर्ष २०७९/०८० मा प्राप्त छात्रवृत्ति रकम रु.१,४५,३५०/- (एक लाख पैतालीस हजार तीन सय पचास रुपैयाँ) सो विद्यालयका प्रधानाध्यापक नरेन्द्र बहादुर महतले मिति २०८०/१२/२१ मा कक्षा १ देखि ५ सम्मका छात्राहरुलाई छात्रवृत्ति रकम प्रति छात्रा रु.१०००/- का दरले ८३ जना छात्राहरुलाई रु.८३,०००/- र कक्षा ६ देखि ८ सम्मका छात्राहरुलाई छात्रवृत्ति रकम प्रति छात्रा रु.१,४८५/२३ का दरले ४४ जनालाई रु.६५,३५०/१२ गरी जम्मा रु.१,४८,३५०।१२ (एक लाख अठचालीस हजार तीन सय पचास रुपैयाँ बाह्र पैसा) वितरण गरेको भरपाई तातोपानी गाउँपालिकालाई पठाएको देखिएको, उक्त भरपाईमा चैत्र लेखेको केरमेट गरेको र इति सम्बत २०८० साल १२ महिना २१ गते रोज १ शुभम लेखेको वाक्यमा १२ लाई केरमेट गरी सच्याएको देखिन्छ भने बाँकी विवरण २०८० साल असोज २१ मा पेश गरेको भरपाईसँग जस्ताको त्यस्तै मेल खाएको देखिएको, पुनः आयोगबाट स्थलगत रुपमा खटि गई विद्यालयलाई प्राप्त छात्रवृत्ति रकम मिति २०८०/१२/२१ मा वितरण गरिएको भनी बनाएको भरपाईमा नाम भएका छात्राहरूलाई बुझ्दा आर्थिक वर्ष २०७९/०८० मा विद्यालयलाई प्राप्त छात्रवृत्ति रकम सम्बन्धित छात्राहरूलाई वितरण नगरेको देखिएकोले प्रतिवादीहरूले एक आपसमा मिलेमतो गरी मिति २०८०/०६/२१ को झुट्टा भरपाईलाई पुनः किर्ते गरी मिति सच्याई २०८०/१२/२१ मा छात्रवृत्ति वितरण गरेको अर्को झुट्टा भरपाई तयार गरे गराएको पुष्टि भएकोले तातोपानी गाउँपालिकाबाट गणेश माध्यमिक विद्यालयलाई प्राप्त छात्रवृत्ति रकम रु.१,४५,३५०/- सम्बन्धित छात्राहरुलाई बितरण नगरी तातोपानी गाउँपालिका/गणेश माध्यमिक विद्यालय/सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने तथा प्रतिवादीहरूले गैरकानुनी लाभ लिने बदनियतले कार्य कसुर गरेकोले उल्लिखित कार्य कसुरमा संलग्न देहायका प्रतिवादीहरु उपर देहायबमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | श्री गणेश माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका | जनही रु.१,४५,३५०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रू. एक लाख पैतालीस हजार तीन सय पचास रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ |

| | | | |
|---|---|---|---|
| | अध्यक्ष **तिल प्रसाद भट्टराई,** प्रधानाध्यापक **नरेन्द्र बहादुर महत र** लेखा सहायक **कृष्ण कामी** | | को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने